स्थानीय सरकार

# पर्सागढी नगरपालिका हरपुर, पर्सा

# राजपत्र


पर्सागढी नगरपालिकाद्वारा प्रकाशित

खण्ड (६) २०७९ साल चैत महिना २८ गते, संख्या १

भाग-१


## पर्सागढी नगरपालिकाको कर्मचारीहरुको व्यवस्थापन एवं समायोजन ऐन, २०७९

पर्सागढी नगरपालिका

स्थानीय सरकार

# पर्सागढी नगरपालिका हरपुर, पर्सा

# राजपत्र

पर्सागढी नगरपालिकाद्वारा प्रकाशित

खण्ड (६) २०७९ साल चैत महिना २८ गते, संख्या १

भाग-१

## पर्सागढी नगरपालिका

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम पर्सागढी नगरपालिकाको आठौं बिशेष नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## पर्सागढी नगरपालिकाको कर्मचारीहरुको व्यवस्थापन एवं समायोजन ऐन, २०७९

# पर्सागढी नगरपालिका

## पर्सागढी नगरपालिकाको कर्मचारीहरुको व्यवस्थापन एवं समायोजन ऐन, २०७९

प्रस्तावनाः

मुलुक संघीय संरचनामा गई कर्मचारी समायोजन ऐन, २०७५ लागु भई सरकारी तथा अन्य सेवाबाट समायोजन भई निजामती सेवाका कर्मचारीहरु पर्सा नगरपालिकामा कामकाज गर्न खटीएका तर साविकको जिल्ला विकास समिति/गाउँविकास समिति र नगरपलिकामा सेवा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका तथा अन्य स्थानीय निकायमा सेवा प्रवेश गरी हाल पर्सागढी नगरपालिकामा सरुवा भइ आएका स्थायी रुपमा कार्यरत कमर्चारीहरुको हाल सम्म न्यायोचित समायोजन हुन नसकेको कारण स्थानीय सेवामा प्रवेश गरी काम गरेका समग्र कर्मचारीको वृत्ति विकास नै अबरुद्ध हुन गई त्यसको असर कार्य सम्पादनमा समेत परेकोले यसको निम्ति यथोचित सम्बोधन अपरिहार्य भएको हुँदा साविकमा जिल्ला विकास समिति गाउँ विकास समिति र नगरपालिकामा सेवा प्रवेश गरी कार्यरत स्थायी कर्मचारी र अन्य स्थानीय निकायमा सेवा प्रवेश गरी पर्सागढी नगरपालिकामा सरुवा/समायोजन तथा पदस्थापन भएका कर्मचारीहरुको तह बृद्धी तथा बढुवा सम्बन्धमा कानूनी व्यवस्था गरी कर्मचारी व्यवस्थापनलाई समान, न्यायोचित र एकिकृत गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम पर्सागढी नगरपालिकाको नगर सभाले यो ऐन बनाई जारी गरेको छ ।

## परिच्छेद- १

**१. संक्षित नाम र प्रारम्भः**

(क) यस ऐनको नाम "पर्सागढी नगरपालिकाको कर्मचारी व्यवस्थापन एवं समायोजन ऐन, २०७९" रहेको छ ।

(ख) यो "ऐन" तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले पर्सागढी नगरपालिकाको कर्मचारी व्यवस्थापन एवं समायोजन ऐन २०७९ लाई सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले साविकको स्थानीय निकाय जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिका को स्वीकृत दरबन्दीमा स्थायी नियुक्ती भई यो ऐन जारी हुँदाका बखत पर्सागढी नगरपालिकामा स्थानीय सेवामा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले पर्सागढी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन र यस ऐन अन्तर्गत रही नगरपालिकाले बनाएको अन्य कानूनमा तोकिएका कुरालाई सम्झनु पर्छ।

(ङ) "नगर सभा" भन्नाले पर्सागढी नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "स्थानीय सेवा" भन्नाले पर्सागढी नगरपालिका तथा साविकका अन्य स्थानीय निकायमा स्थायी पदपुर्ति भई हाल सम्म कार्यरत स्थायी कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

(ज) "नगरपालिका" भन्नाले पर्सागढी नगरपालिकालाई सम्झनु पर्छ ।

(झ) “स्थानीय कानून” भन्नाले पर्सागढी नगरपालिकाबाट जारी भएका कानूनलाई सम्झनु पर्छ ।

(ञ) समिति भन्नाले दफा ८ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद- २

## समायोजन मिलान सम्बन्धी व्यवस्था

### ३. नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको समायोजन तह मिलान

(१) साविकको स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समिति) को स्वीकृत दरवन्दीमा स्थायी नियुक्ती भइ यो ऐन जारी हुँदाका वखत पर्सागढी नगरपलिकामा कार्यरत स्थानीय सेवाका सबै कर्मचारीहरुलाई एकपटकको लागि देहाय बमोजिम समायोजन तह मिलान तथा ग्रेड (तलब बृद्धी) बृद्धी गरिने छ ।

| साविकको तह | अबधि (बर्ष) | समायोजन गरिने तह | विगत चार वर्षको कार्य सम्पादनको अंक | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| श्रेणी विहिन दोस्रो | | श्रेणी विहिन तेस्रो | | |
| श्रेणी विहिन तेस्रो (नगर प्रहरी, वारुणयन्त्र र सरसफाई सहजकर्ता समेत) | | श्रेणी विहिन चौथो (नगर प्रहरी वारुणयन्त्र र सरसफाई सहजकर्ता समेत) | | |
| श्रेणी विहिन चौथो (नगर प्रहरी, वारुणयन्त्र र सरसफाई सहजकर्ता समेत) | | श्रेणी विहिन पाचौ (नगर प्रहरी वारुणायन्त्र र सरसफाई सहजकर्ता समेत) | | |
| सहायक स्तर तृतिय | ५ | सहायतकस्तर चौथो | ९० प्रतिशत | दश कक्षा वा सो सरह उतिर्ण गरेको |

| | | | | |
|---|---|---|---|---|
| सहायकस्तर चौथो | ५ | सहायकस्तर पाँचौ | ९० प्रतिशत | प्रवेशिका वा सो सरह |
| सहायकस्तर पाँचौ | ५ | अधिकृतस्तर छैठो | ९० प्रतिशत | प्रविणता प्रमाणपत्र तह वा सो सरह |
| अधिकृतस्तर छैठो | ५ | अधिकृतस्तर सातौ | ९० प्रतिशत | सम्बन्धित विषयमा स्नातक वा सो सरह |
| अधिकृतस्तर सातौ | ५ | अधिकृतस्तर आठौ | ९० प्रतिशत | सम्बन्धित विषयमा स्नातक वा सो सरह |
| अधिकृत स्तर आठौ | ५ | अधिकृतस्तर नवौ | ९० प्रतिशत | सम्बन्धित विषयमा स्नातक वा सो सरह |

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजिमको न्यूनतम शैक्षिक योग्यता नभएको तर सोही तहको स्थायी पदमा ६ वर्ष वा सो भन्दा बढी अबधी पुरा गरेको भए एक पटकको लागि एक तह वृद्धि गरिने छ ।

(३) उपदफा (१) र (२) मा तोकिएको मापदण्डमा नपर्ने र अविच्छिन्न रुपमा काम गर्नेहरुको हकमा २ ग्रेड थप गरिने छ ।

(४) उपदफा (१) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समूह जनाई पदनाम कायम हुनेछ ।

(५) यस दफा बमोजिम नगरपालिकाका स्थानीय सेवाका कर्मचारीलाई समायोजन गर्दा कायम हुने तलब निजले साविकमा खाइपाई आएको तलब भन्दा कम हुने भएमा ग्रेड बृद्धि गरी तलब मिलान गरिनेछ ।

(६) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजन कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुविधाहरु प्राप्त गर्नेछन ।

**४. समायोजन तह मिलानको पत्र दिने**

(१) यस ऐन बमोजिम पर्सागढी नगरपालिका स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए पछि समायोजन तह मिलान (तह बृद्धी) को पत्र दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम दिईने पत्र अनुसुची — १ बमोजिमको हुनेछ ।

**५. पदस्थापना गरिनेः**

(१) दफा ३ बमोजिम समायोजन भएका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापन गर्नु अघि स्वतः पुल दरवन्दी कायम भएको मानिनेछ । यसरी समायोजन भइ पुल दरवन्दी कायम भएका कर्मचारीलाई पदस्थापन गर्नुपूर्वको यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

(२) दफा ३ बमोजिम समायोजन तह मिलान भएका नगरपालिका अन्तर्गत रहेका स्थानीय सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात नगरपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरवन्दी बमोजिम मिल्दो सेवा समुहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गरिने छ ।

**६. समायोजन भएका कर्मचारीको सेवा सुविधाः**

यस ऐन बमोजिम समायोजन भएका नगरपालिकाको कर्मचारीहरुको तलब तथा अन्य सुविधा प्रचलित कानुनले तोके बमोजिम हुनेछ ।

**७. जेष्ठताको गणनाः**

(१) यस ऐन वमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन हुनु पूर्वको तहमा काम गरेको अवधिलाई समायोजन भई कायम हुने पदका लागि गणना हुनेछ ।

(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएतापनि समायोजन पश्चातको पद बमोजिमको सेवा, सुविधा भने यो ऐन जारि भए पछि मात्र लागु हुने छ ।

**८. समिति :**

दफा ३ बमोजिमको समायोजन तह मिलानका लागि आवश्यक प्रशासनिक कार्यसम्पादन गर्न तथा समायोजन / वढुवा सिफारिसको निम्ति देहाय बमोजिमको समिति रहनेछ सो समितिको सिफारिसलाई आधार मानी प्रमुख प्रशासकीय अधिकृतले समायोजन तह मिलान (बढुवा) को पत्र दिने छ ।

बरिष्ठतम अधिकृत, पर्सागढी नगरपालिका -संयोजक

प्रमुख प्रशासकीय अधिकृतले तोकेको पर्सागढी नगरपालिकाको अधिकृत- सदस्य

प्रशासन शाखा प्रमुख, पर्सागढी नगरपालिका -सदस्य सचिव

**९. स्थायी पदपुर्ति सम्बन्धी विशेष व्यवस्था**

(१) साविकका स्थानीय निकाय र पर्सागढी नगरपालिकाको स्वीकृत दरवन्दीको अधिकृतस्तर छैठौ तह, सहायक स्तर पाँचौ र चौथो तहमा करार सेवामा काम गरी यो ऐन प्रारम्भ हुँदाका वखत सम्म अविछिन्न रुपमा सोही पदमा कार्यरत कर्मचारीहरु वीच मात्र सोही पदमा छुट्टै आन्तरिक प्रतिस्पर्धात्मक परीक्षा संचालन गरी एकपटकको लागि स्थायी पदपूर्ति गर्न सकिनेछ ।

(२) श्रेणी विहिन पदमा स्थायी रुपमा लगातार १० बर्ष कार्यरत कर्मचारीहरुलाई निजले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको आधारमा आन्तरिक प्रतिस्पर्धा गराई सहायक स्तर चौथो तह (पद) मा पदपूर्ति गर्न सकिने छ ।

(३) उपदफा १ र २ बमोजिमको प्रतिस्पर्धात्मक परीक्षा संचालनका लागि प्रदेश लोकसेवा आयोग मधेश प्रदेशलाई अनुरोध गरिने छ ।

१०. स्थानीय तह कर्मचारीको समायोजन र व्यवस्थापन सम्बन्धमा संघीय सरकारले जारी गर्ने स्थानीय तहका कर्मचारी व्यवस्थापन सम्बन्धी मापदण्डमा उल्लेखित कानूनी व्यवस्थासँग यो ऐनको व्यवस्था बाझिएमा बाझिएको हदसम्म निस्कृय हुनेछ ।

**११. आवश्यक व्यवस्था मिलाउने :**

यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरि आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

# अनुसूची-१
## दफा ४ उपदफा (२) सँग सम्बन्धित
## समायोजन (तह मिलान) पत्र

**पत्र संख्याः**

**चलानी** **मितिः-................**

**श्री .....................................**

**..........................................**

**विषयः** समायोजन (तह मिलान) गरिएको सम्बन्धमा ।

पर्सागढी नगरपालिकाका कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन २०७९ बमोजिम आजैका मिति देखि लागु हुने गरी तपाईलाई देहाय बमोजिमको पद तथा तहमा पुल दरबन्दीमा रहने गरी समायोजन (तह मिलान) गरिएको छ । समायोजन (तह मिलान) हुनु भएकोमा बधाई छ, तपाईको उज्जवल भविष्यको कामना गर्दछु ।

**तपसिल**

| हाल कार्यरत पदको विवरण | समायोजन गरिएको विवरण |
|---|---|
| पद | पद |
| तह | तह |
| सेवा | सेवा |
| समूह | समूह |
| नियुक्ति मिति | नियुक्ति मिति |

**बोधार्थः-** **.....................**

**प्रमुख प्रशासकीय अधिकृत**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, मधेश प्रदेश जनकपुर ।

श्री कर्मचारी संचय कोष, ठमेल, काठमाण्डौं ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।

श्री आर्थिक प्रशासन शाखा, पर्सागढी नगरपालिका ।

पर्सागढी नगरपालिका

नगरसभाबाट पारित मितिः २०७९/०९/२९
प्रमाणिकरण मितिः २०७९/१२/२८
राजपत्रमा प्रकाशन मितिः २०७९/१२/२८

आज्ञाले,
छविरमण भट्टराइ
प्रमुख प्रशासकीय अधिकृत

पर्सागढी नगरपालिका